## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नगरपालिका नगरकार्यपालिकाको कार्यालय, जाजरकोटका निमित्त प्रमुख प्रशासकीय अधिकृत वर्ष ४५ का **दल बहादुर घर्ती समेत ८ जना** मु.नं (०८२-CR-००१९) फैसला मिति **२०८२/१०/०७** | सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी गरी भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• **भेरी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दल बहादुर घर्तीको हकमाः** प्रतिबादी दल बहादुर घर्तीलाई बिगो रु.८१,५३,६३०।५१ (अक्षरेपि एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम सजाय गरी प्रतिबादीबाट हिनामिना हानिनोक्सानी एवं दुरूपयोग गरे गराएको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन र निज प्रतिवादीले गलत प्रतिवेदन दिई दिन लगाएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **भेरी नगरपालिकाका इन्जिनियर मोहन मल्लको हकमाः** प्रतिबादी मोहन मल्ललाई बिगो रु.८१,५३,६३०।५१ (अक्षरेपि एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानिनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन र निज प्रतिवादीले जानी जानी गलत प्रतिवेदन दिए दिन लगाएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• सबै बोलपत्रदातालाई समानरुपमा लागू गरि "Site Visit" को शर्त राख्नु शर्त बदनियतपुर्ण हो भन्न सकिने अवस्था देखिएन।<br>• प्राविधिक मूल्याङ्कन समितिले बोलपत्रका शर्तहरू (ITV ७.४) अनुरूप आवश्यक कागजात नपुगेका बोलपत्रलाई "Substantially Non-responsive" भनी अस्वीकृत गरेको कार्य कानुनी व्यवस्था अनुरूप नै देखिएको।<br>• मिति २०८०।८।१४ मा प्रकाशित बोलपत्र सूचना विद्युतीय खरिद प्रणाली (e-GP) मार्फत प्रकाशन गरिएको र विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०८० को बुँदा ४५ अनुसार अन्य माध्यमबाट सूचना प्रकाशन गर्नुपर्ने बाध्यता नरहेकोले सूचना प्रकाशन प्रक्रियामा त्रुटि देखिएन।<br>• Single Stage: Two Envelope प्रणालीमा प्राविधिक मूल्याङ्कन सम्पन्न नभएसम्म आर्थिक प्रस्ताव गोप्य रहने व्यवस्था छ। प्रतिवादीहरूले प्राविधिक मूल्याङ्कन अघि आर्थिक प्रस्तावबारे जानकारी पाएको भन्ने कुनै प्रमाण मिसिलबाट देखिएन।<br>• अस्वीकृत बोलपत्रदाताहरूले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ र ४९ बमोजिम उजुरी गर्ने वैधानिक उपचारको प्रयोग गरेको देखिएन।<br>• थापा-सविन-सुदर्शन जे.भी.ले सम्झौता अनुसारको निर्माण कार्य समयमै सम्पन्न | • प्रस्तुत मुद्दामा भएको भ्रष्टाचारजन्य कसूरको वारदातलाई हेर्दा आ.व.२०८०\०८१ मा जाजरकोट जिल्ला भेरी नगरपालिका, वडा नं ४ कारागार रानागाउँ नेटीबजार सडक निर्माणको लागी रु.२,८०,४२,७४३।११ (दुई करोड असि लाख बयालिस हजार सात सय त्रिचालिस रुपैयाँ एघार पैसा) लागत अनुमान स्वीकृत भई मिति २०८० मंसिर १० मा NCB (National Competitive Bidding), Single Stage: Two-Envelope Bidding Procedure रहेको, Contract No. BM/NCB/Works/०३/२०८०/२०८१ को ठेक्का सूचना प्रकाशन भएको देखिन्छ। सो सूचना अनुसार Shree Krishna-OM Nama JV.Ghorahi-14, Dang., Thapa Engineering- Suryodaya Construstion JV, Badagaun-5, Gulmi, Babiro D.B.- Shishir & Basanta JV, Chingad-2, SurKhet Indradevi-Archi-Krishnalila JV, Nepalgunj-4, BankeP.S. Construction Sewa, Khalga-1, JajarkotSantosh- Kushal and Sahi JV, Khalanga-5, JajarkotFriendship-Y.K. JV, Jagatipur-11, Jajarkot र Thapa-Sabin-Sudarsan JV, Khalnga 4 Jajarkot गरी ८ (आठ) वटा बोलपत्रदाताहरूले बोलपत्र पेश गरेकोमा बोलपत्रको मूल्याङ्कन गर्ने क्रममा माग भए बमोजिमका सबै योग्यताका आधार पूरा गर्ने प्रस्तावदाता Thapa-Sabin-Sudarsan JV, Khalnga 4 Jajarkot लाई रेस्पोन्सिभ बिड र अन्य ७ वटा फर्महरु मध्ये ६ वटालाई साइट भिजिट सर्टिफिकेट नभएको भनी र १ वटालाई Turnover 70 % नपुगेको भनी कानूनी ग्राह्यताको परीक्षणको प्रतिवेदनबाट खुली आएकोले रु.२,६९,५५,२३३।९०(मू.अ.कर र PS समेत) कबोल गर्ने फर्म Thapa-Sabin-Sudarsan जे.भी सँग बोलपत्र मूल्याङ्कन समितिको निर्णय अनुसार मितिमा २०८१।०३।०५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।२० मा संझौता भएको देखिन्छ।<br>• उक्त कारागार रानागाउँ नेटीबजार सडक निर्माणको ठेक्का प्रक्रियामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ ले निर्माणस्थल भ्रमणलाई अनिवार्य शर्तको रुपमा राख्नुपर्ने गरी बाध्यात्मक व्यवस्था गरेको नदेखिने, Bid Document को Mandotary Document मा उल्लेख गरेको अवस्था पनि नभएको, साथै Bid Document को Section III: Evalution and Qualifcation Criteria मा समावेश नभएको विषयमा Site Visit Certification नभएको भनि मूल्याङ्कन समितिबाट ६ वटा बोलपत्रदाताहरुलाई गैर कानूनी रुपमा प्राविधिक प्रस्तावको मुल्यांकनमा Disqualified गराएको देखिएकोले प्रतिवादीहरुले बदनियत स्पष्ट देखिन्छ।यसरी नै Bidding Document मा उल्लेख भएको Evaluation Criteria को Average Annual Construction Turnover अनुसार Each Partner: not less than २५% र One Partner: not less than ४०% उल्लेख गरेकोमा मूल्याकंनको क्रममा १ वटा बोलपत्रदाता (जे.भी.) को does not have AACT of ७०% as per JV Agreement भनि उक्त बोलपत्रदातालाई जानी बुझी वदनियतपूर्वक प्राविधिक मूल्याकंनमा अनुत्तीर्ण गराइएकोले बदनियतपूर्ण तवरले मूल्याङ्कन गरेको समेत देखिन्छ। सबै भन्दा कम अंक कवोल गर्ने बोलपत्रदाता सन्तोष-कुशल-शाही जे.भी., खलंगा ५, जाजरकोटले उक्त ठेक्काको कार्य सम्पन्न कवोल गरेको अंक रु.१,८८,०१,६०३।३९ मा गर्ने गरी बोलपत्र प्रस्ताव पेश गरेकोमा मूल्यांकनको चरणमा हुदैं नभएको शर्तको आधारमा उक्त बोलपत्रदातालाई अनुत्तिर्ण गरी, बोलपत्रमा भाग लिएका बोलपत्र मध्ये ७ औं कम कबुल गर्ने थापा/सविन/सुदर्शन जे.भी. लाई ठेक्का दिनको लागि नै मूल्यांकन समितिको निर्णयबाट ७ वटा बोलपत्रदाताहरुलाई प्राविधिक प्रस्तावमा फेल गराइ गैरकानूनी लाभ लिन दिन सहमत भएको उक्त थापा/सविन/सुदर्शन जे.भी. लाई जानी बुझी ठेक्का जिम्मा दिएको प्रष्टै देखिएकोले कुनै पनि तवरले बाहेक गरी जसरी तसरी लक्षित बोलपत्रदातालाई छनौट गर्ने बदनियतपूर्ण उद्देश्यले अनुत्तीर्ण गरेको स्पष्टै देखिएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ (निर्माणस्थलको भ्रमण)को उपनियम (१) मा बोलपत्र तयार गर्न र खरिद सम्झौता गर्न आवश्यक सूचना प्राप्त बोलपत्रदाता आफैं वा निजको कर्मचारी वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिन्छ।<br>• **भेरी नगरपालिकाका कानून अधिकृत प्रकाश कुमार शाहीको हकमाः** प्रतिबादी प्रकाश कुमार शाहीलाई बिगो रु. ८१,५३,६३०।५१ (अक्षरेपी एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानिनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन र निज प्रतिवादीले जानी जानी गलत प्रतिवेदन दिए दिन लगाएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **भेरी नगरपालिकाका सामाजिक विकास अधिकृत अनिस शाहको हकमाः** प्रतिबादी अनिश शाहलाई बिगो रु. ८१,५३,६३०।५१ (अक्षरेपी एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानीनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन र निज प्रतिवादीले जानी जानी गलत प्रतिवेदन दिए दिन लगाएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **भेरी नगरपालिकाका लेखापाल राजेन्द्र बहादुर कठायतको हकमाः** प्रतिबादी राजेन्द्र कुमार कठायतलाई बिगो रु.८१,५३,६३०।५१ (अक्षरेपि एकासी लाख त्रिपन्न | गरी सेवा सञ्चालनमा आएको देखिंदा कुनै गुणस्तरीय त्रुटि वा अपूर्णता रहेको देखिएन।<br>• घुस, अनुचित प्रभाव, दबाब वा बदनियतपूर्वक निर्णय गरिएको भन्ने तथ्य पुष्टि हुने कुनै ठोस प्रमाण पेश हुन सकेको देखिएन। | एजेन्टलाई आफ्नै खर्चमा सम्भावित जोखिमप्रति आफैं उत्तरदायी हुने गरी निर्माण स्थलको भ्रमण गर्न गराउन सक्ने भनी व्यवस्था गरेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ (निर्माणस्थलको भ्रमण)को उपनियम (३) मा सार्वजनिक निकायले बोलपत्रदातालाई निर्माण स्थलको यथार्थ जानकारी दिन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२ बमोजिम हुने बैठकअघि निर्माण स्थलको भ्रमण गराउन सक्नेछ भनी व्यवस्था गरेको र सोही व्यवस्था अनुरुप हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी नमूना बोलपत्र सम्बन्धी कागजात NCB Works. Single Stage Two Envelope for above २० Million को Instruction to Bidders ITB Clause ७.२ मा "The Bidder advised to visit and examine the Site of Works and surrounding and obtain for itself, on its and risk and responsibility, information that may be necessary for preparing the bid and entering into Contract for Constructions of the Works. The costs of visiting the Site shall be on Bidder's own expense." उल्लेख रहेको र Bid Data Sheet को Clause ७.४ मा "A site (insert "shall be" or "shall not be) organized by the Employer." सम्म उल्लेख भएता पनि सो अनुरुप कार्य नगरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (१) मा बोलपत्र आह्वानको सूचना वा पूर्वयोग्यता निर्धारण सम्बन्धी सूचनाको प्रस्ताव आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने गरी स्पष्ट कानूनी व्यवस्था रहे पनि सो अनुरुप नगरी मिति २०८०।०८।१० (२०२३।११।२६) गते वोलपत्र आव्हान e-GP पोर्टलमा मात्र प्रकाशित गरी प्रतिस्पर्धालाई संकुचन गर्ने दुषित मनसाय राखी खरिद प्रक्रियासँग सम्बन्धित कानून विपरीत कार्य गरेको देखिन्छ। प्रतिवादीहरुलाई गैरकानूनी लाभ र नेपाल सरकार/प्रदेश सरकार/भेरी नगरपालिका/सार्वजनिक संस्थालाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने र आफू समेतलाई गैरकानूनी लाभ प्राप्ति गर्ने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरु समेतको जिम्मामा रहेको भेरी नगरपालिका/सार्वजनिक संस्थाको सम्पत्ति मिलेमतोमा हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गरे गराएको तथ्य पुष्टि भएको देखिंदा देखिंदै सो तथ्य एवं प्रमाणहरुको अध्ययन, मुल्याङ्कन, विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>• उक्त ठेक्का प्रक्रियामा यि प्रतिवादीहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ (निर्माणस्थलको भ्रमण) को उपनियम (१) मा बोलपत्र तयार गर्न र खरिद सम्झौता गर्न आवश्यक सूचना प्राप्त बोलपत्रदाता आफैं वा निजको कर्मचारी वा एजेन्टलाई आफ्नै खर्चमा सम्भावित जोखिमप्रति आफैं उत्तरदायी हुने गरी निर्माण स्थलको भ्रमण गर्न गराउन सक्ने भनी व्यवस्था गरेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५१ (निर्माणस्थलको भ्रमण) को उपनियम (३) मा सार्वजनिक निकायले बोलपत्रदातालाई निर्माण स्थलको यथार्थ जानकारी दिन नियम ५२ बमोजिम हुने बैठकअघि निर्माण स्थलको भ्रमण गराउन सक्नेछ भनी व्यवस्था गरेको र सोही व्यवस्था अनुरुप हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारि नमूना बोलपत्र सम्बन्धी कागजात NCB Works. Single Stage Two Envelope for above २० Million को Instruction to Bidders ITB Clause ७.२ मा "The Bidder advised to visit and examine the Site of Works and surrounding and obtain for itself, on its and risk and responsibility, information that may be necessary for preparing the bid and entering into Contract for Constructions of the Works. The costs of visiting the Site shall be on Bidder's own expense." उल्लेख रहेको र Bid Data Sheet को Clause ७.४ मा "A site (insert "shall be" or "shall not be) organized by the Employer." सम्म उल्लेख भएको कानूनी व्यवस्थाले निर्माणस्थल भ्रमणलाई अनिवार्य शर्तको रुपमा मान्न मिल्ने नदेखिएकोमा यसलाई नै बोलपत्र मूल्याङ्कनको शर्तको रुपमा राख्नुपर्ने गरी बाध्यात्मक भएको नदेखिने विषय तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) मा "बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ" र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी नमूना बोलपत्र सम्बन्धी कागजातको Section I: Instructions to bidders को ITB Clause ३२.१ The Employer shall determine to the |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानिनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन र निज प्रतिवादीले जानी जानी गलत प्रतिवेदन दिए दिन लगाएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **भेरी नगरपालिकाका जिन्सी शाखा प्रमुख तथा नायव सुब्बा कृति वहादुर थापाको हकमाः** प्रतिबादी कृति बहादुर थापालाई बिगो रु.८१,५३,६३०।५१ (अक्षरेपि एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानीनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन र निज प्रतिवादीले जानी जानी गलत प्रतिवेदन दिए दिन लगाएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• **थापा/सविन/सुदर्शन जे.भी., खलगां ४ जाजरकोट र उक्त जे.भी.का आधिकारीक प्रतिनिधि तथा थापा निर्माण सेवाका प्रोप्राइटर दिप बहादुर खत्री हकमाः** थापा/सविन/सुदर्शन जे.भी., खलगां-४ जाजरकोट र उक्त जे.भी.का आधिकारिक प्रतिनिधि थापा निर्माण सेवाका प्रोप्राइटर दिप बहादुर खत्री समेतको उक्त कार्य मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य | | satisfaction during the evaluation of Technical Bids whether Bidders meet the qualifying criteria specified in Section III (Evaluation and Qualification Criteria), ३२.२. The determination shall be based upon an examination of the documentary evidence of the Bidder's qualifications submitted by the Bidder, pursuant to ITB १७.१ र Section III: Evaluation and Qualification Criteria को प्रारुपमा "This Section contains all the Employ or shall use to evaluate bids and qualify Bidders by post-qualification exercise. GoN/DP requires bidders to be qualified by meeting predefined, precise minimum requirements. The method arts pass-fail criteria, which, if not met by the bidder, results in disqualification. In accordance with ITB ३२ and ITB ३५, no other methods, criteria and factors shall be used. The Bidder shall provide all the information requested in the forms included in Section IV (Bidding Forms)." स्पष्ट उल्लेख रहेको हुनाले Section III: Evaluation and Criteria बाहिर बोलपत्र मूल्याकंन गर्न नमिल्ने विषयलाई आधार मानी ६ वटा बोलपत्रदाताहरुलाई अनुत्तिर्ण गरिनु स्वयंमा बदनियतपूर्ण कार्य देखिन्छ। यसैगरी Bidding Document मा उल्लेख भएको Evaluation Criteria को Average Annual Construction Turnover अनुसार Each Partner: not less than २५% र One Partner: not less than ४० % उल्लेख गरेकोमा मूल्याकंनको क्रममा १ वटा बोलपत्रदातालाई does not have AACT of ७०% as per JV Agreement भनी अनुत्तिर्ण गराएको तथ्य उल्लेख भएको देखिंदा देखिंदै मिसिल संलग्न वारदातसंग सम्बद्ध प्रमाण ऐन, २०३१ को दफा ३ बमोजिम उक्त सम्बद्ध प्रमाणलाई ग्रहण गर्नु पर्नेमा उक्त प्रमाणलाई बेवास्ता गरि प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• भेरी नगरपालीकाले मिति २०८०/०८/१४ गते सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय खरिद पोर्टल www.bolpatra.gov.np/egp मार्फत ठेक्का नं. BM/NCB/Works-०३/२०८०/२०८१ "Construction of Karagar, Ranagaun Netibazar Road "को खरिद राष्ट्रिय स्तरको खुल्ला बोलपत्र आव्हानको सूचना e-GP मार्फत प्रकाशन भएकोमा खरिद इकाईको प्रमुख ईन्जिनियर मोहन मल्लले सार्वजनिक खरिद अनुगमनको कार्यालयले नमूना Standard Bidding Document को आधारमा खरिदको कागजात तयार गरि कार्यालय प्रमुख दल बहादुर घर्तीबाट स्वीकृत गरेको देखिन्छ। उक्त सडकको ठेक्कामा जम्मा ८ वटा बोलपत्रदाताहरु सहभागी भएको प्राविधिक बोलपत्र मुचुल्काबाट देखिन्छ। खरिद प्रक्रियालाई बढी खुल्ला, पारदर्शी, प्रतिस्पर्धी वनाउन वोलपत्रको कागजात तयारीमा विशेष ध्यान पुर्याउनु पर्ने हुन्छ। खरिद कागजात तयारीमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ अनुसार तयार गर्नुपर्ने हुन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२ग) मा स्थलगत निरीक्षण गर्नु पर्ने व्यवस्था भए सो सम्वन्धी जानकारी, उपदफा (२छ) मा वोलपत्रको मूल्याङ्कन तथा बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका सम्वन्धमा स्पष्ट उल्लेख गर्नुपर्ने व्यवस्था रहेकोमा बोलपत्रको कागजातमा तयारी गर्दा खरिद इकाई प्रमुख ईन्जिनियर मोहन मल्लले सार्वजनिक खरिद अनुगमनको कार्यालयले नमूना Standard Bidding Document को कागजातमा भएको Instruction to Bidder (ITB) General Condition Contract (GCC) मा उल्लेख भएको Clauses हरुको साबिक अर्थहरु भन्दा फरक बुझी स्थलगत निरीक्षण गर्नु पर्ने व्यवस्थालाई ITB Clause ७.४ मा उल्लेख गरेको भनी कागजात तयार गरी स्वीकृत गरेको देखिन्छ। ८ वटा बोलपत्रदाताहरुको खरिद कागजातहरुको मूल्याङ्कन गर्न कार्यालयमा गठित मूल्याङ्कन समितिले उक्त कागजातको आधारमा खरिद इकाई र मूल्याङ्कन समितिका सदस्यहरुले, बोलपत्रदाताहरुले पेश गरेको बोलपत्रको कागजातको बदनियत साथ मूल्याङ्कन गरी ८ वटा मध्ये ६ वटा बोलपत्रदाताहरुलाई Site Visit नगरेको कारण देखाई बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र पूर्ण नभएको भनी दुषित मनसाय राखी मूल्याङ्कन प्रकृयाबाट हटाएको देखिन्छ। यसैगरी Evaluation and Qualification Criteria को Average Annual Construction Turnover अनुसार Lead Partner को minimum ४०% AACT र JV Partner को minimum २५% AACT पुग्नु पर्ने प्रावधान रहदाँ रहदैं १ वटा बोलपत्रदातालाई does not have AACT of ७०% as per JV Agreement भनी बोलपत्रदाताहरुले पेश गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.८१,५३,६३०।५१ (अक्षेरपि एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधारमानी प्रतिवादीहरु थापा/सविन/सुदर्शन जे.भी., खलगां-४ जाजरकोट र उक्त जे.भी.का आधिकारीक प्रतिनिधि थापा निर्माण सेवाका प्रोप्राइटर दिप बहादुर खत्रीलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरि भएको फैसला भएको देखिन्छ। | | बोलपत्र पूर्ण नभएको भनी दुषित मनसाय राखी मूल्याङ्कन प्रकृयाबाट हटाएको तथ्य स्थापित भएको देखिंदा देखिंदै यस प्रमाणलाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• बोलपत्र मूल्याङ्कन समितिले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको Standard Bid Document तथा भेरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खलंगा, जाजरकोटबाट प्रकाशित बोलपत्रको Section I: GGC Clause no २१ Sealing and Marking of Bids को Sub clause no २१.१ को The required forms and documents shall be part of technical bids मा Mandatory Document मा समावेश नगरिएको विषय तथा Section III: Evaluation and Qualification Criteria मा समावेश नभएको विषयलाई लिएर बोलपत्र मूल्यांकन गरी ६ वटा बोलपत्रदाताहरुलाई अनुत्तिर्ण गरेको र Evaluation and Qualification Criteria को Average Annual Construction Turnover अनुसार Lead Partner को minimum ४०% AACT र JV Partner को minimum २५% AACT पुग्नु पर्ने प्रावधान रहदाँ रहदैं १ वटा बोलपत्रदातालाई does not have AACT of ७०% as per JV Agreement भनी Section III: Evaluation and Qualification Criteria बाहिर बोलपत्र मूल्याङ्कन गर्न नमिल्ने भनि राय प्राप्त भएको देखिंदा देखिंदै उक्त राय विपरित थापा-सविन-सुदर्शन जे.भी., खलंगा ४, जाजरकोटलाई छनौट गरी गरेको कार्यबाट प्रतिवादीहरुको बदनियत तत्व स्थापित भई रहेको अवस्थामा सो तथ्यलाई बेवास्ता गरी प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• प्रतिवादीहरु दल बहादुर घर्ती, मोहन मल्ल, प्रकाश कुमार शाही, अनिश शाह, राजेन्द्र बहादुर कठायत, कृति बहादुर थापा, थापा/सविन/सुदर्शन जे.भी.का आधिकारिक प्रतिनिधि दिप बहादुर खत्रीले अनुसन्धान अधिकारी समक्ष र अदालतमा समेत बयान गर्दा कसूरमा ईन्कार रहेको देखिएतापनि निज प्रतिवादीहरुको निर्णायक संलग्नता रहेको प्रस्तुत खरिद प्रक्रियामा यि प्रतिवादीहरुले पेश भएका ८ वटा बोलपत्र मध्ये ६ बोलपत्रदाताले Site Visit नगरेको तथा अन्य एकको टर्न ओभर नपुगेको कारण देखाई प्राविधिक मूल्याङ्कनबाट हटाइएको, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार Site Visit ऐच्छिक प्रकृतिको व्यवस्था हुँदाहुँदै यसलाई अनिवार्य सर्तको रूपमा लागू गरी बहुसंख्यक प्रतिस्पर्धी हटाई प्रतिस्पर्धा सीमित गर्ने कार्य गरेको, बोलपत्र कागजातमै त्रुटिपूर्ण सर्त राखिएको, केही प्रतिवादीहरुले उक्त ठेक्का निर्णयमा आफ्नो सिमित भुमिका रहेको भनि कोरा इन्कार बयान गरेको देखिएकोले प्रतिवादीहरुले बदनियतपूर्वक प्रतिस्पर्धालाई संकुचित गरी थापा/सविन/सुदर्शन जे.भी.का आधिकारिक प्रतिनिधि, दिप बहादुर खत्रीलाई प्रत्यक्ष लाभ र भेरी नगरपालिकालाई हिनामिना हानिनोक्सानी पुर्‍याउने कार्य गरेको तथ्य स्थापित भएको देखिंदा देखिंदै सो प्रमाणको बेवास्ता गरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी छ।<br>• अतः भेरी नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को समपूरक अनुदान अन्तर्गतको कारागार रानागाउँ नेटीबजार सडक ठेक्का नं. BM/NCB/Works/०३/०८०/८१ मिति २०८०।०८।१० गते सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolptra.gov.np/eGP मा प्रकाशित गरी मिति २०८०।०९।१३ गते खोलेका बोलपत्रहरुमा यि प्रतिवादीहरुले प्रतिस्पर्धा सिमित गरि आफू सम्बद्ध ठेकेदारलाई लाभ र नेपाल सरकार/प्रदेश सरकार/भेरी नगरपालिका/सार्वजनिक संस्थालाई हानि पुर्‍याउने बदनियतले आफ्नो जिम्मामा रहेको सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गराउने बदनियत राखी कानूनी व्यवस्था विपरीत निर्माणस्थल भ्रमणलाई अनिवार्य शर्तको रुपमा राखी लक्षित बोलपत्रदाता बाहेकका अन्य सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन चाहने बोलपत्रदातालाई जानीबुझी बाहेक गर्न एक आपसमा मिलेमतो गरि बाध्यात्मक रुपमा निर्माणस्थल भ्रमण गर्नुपर्ने शर्त बन्देज राखी राख्न लगाई सोही अनुरुप खरिद प्रक्रियाको काम कारवाहीमा बोलपत्रहरुको मूल्याङ्कन अगाडि बढाई सार्वजनिक खरिद कार्यमा बढी भन्दा बढी फर्म वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कम्पनीलाई सहभागी हुने वातावरण तयार हुनबाट बञ्चित गरि गराई केही लक्षित बोलपत्रदातालाई मात्र प्रवेश गर्न पाउने र कम लागतमा सार्वजनिक निर्माणको काम गर्न इच्छुक अन्य प्रतिस्पर्धी बोलपत्रदातालाई गैरकानूनी स्वार्थ एवं लाभका लागि नियोजित तवरले प्रतिस्पर्धालाई निषेध गरी नियोजित तवरबाट लक्षित बोलपत्रदातालाई निर्माण ठेक्का सुम्पने कार्य गरेको तथ्य प्रमाणित भएको देखिनुको साथै Bid Document को Mandotary Document मा उल्लेख नभएको साथै Bid Document को Section III: Evalution and Qualifcation Criteria मा समावेश नभएको विषयमा Site Visit Certification नभएको भनि मूल्याङ्कन समितिबाट ६ वटा बोलपत्रदाताहरुलाई प्राविधिक प्रस्तावबाट Disqualified गरी गराएको, साथै Bidding Document मा उल्लेख भएको Evaluation Criteria को Average Annual Construction Turnover अनुसार Each Partner: not less than 25% र One Partner: not less than 40% उल्लेख गरेकोमा मूल्याकंनको क्रममा १ वटा बोलपत्रदाता (जे.भी.) को does not have AACT of 70% as per JV Agreement भनि उक्त बोलपत्रदातालाई प्राविधिक मूल्याङ्कनमा अनुत्तीर्ण गरि गराइएको तथ्य प्रमाणित भएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ बोलपत्र आह्वानको उपदफा (१) मा बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्ने व्यवस्था रहे पनि सो अनुरुप नगरी मिति २०८०।०८।१० (२०२३।११।२६) गते वोलपत्र आव्हान EGP पोर्टलमा मात्र प्रकाशित गरी यी प्रतिवादी समेतले दुषित मनसाय राखी प्रतिस्पर्धालाई संकुचन गर्ने दुषित मनसाय (Mens Rea) राखी पुर्व योजना बनाई उपरोक्त अनुसारको कार्य (Actus Reus) गरेको देखिन्छ भने आफूले गरेको कार्यको परिणामको पुर्व जानकारी (Foresightness of consequence) र परिणाम ल्याउने इच्छा (Desire of consequence) समेत भई सामुहिक संलग्नतामा उक्त कार्य गरि गराई विगो रु.८१,५३,६३०।५१ (अक्षरेपि एकासी लाख त्रिपन्न हजार छ सय तीस रुपैया एकाउन्न पैसा) हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भएको देखिंदा देखिंदै सो तथ्यलाई नजरअन्दाज गरि निज प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको त्रुटीपुर्ण फैसला बदर गरि निज प्रतिवादीहरु दल बहादुर घर्ती, मोहन मल्ल, प्रकाश कुमार शाही, अनिश शाह, राजेन्द्र बहादुर कठायत, कृति बहादुर थापा, थापा/सविन/सुदर्शन जे.भी. र सोका आधिकारिक प्रतिनिधि दिप बहादुर खत्रीलाई आरोप दावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध गरिन्छ। |